# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७ भक्तपुर, बैशाख २९ गते, २०८० साल संख्या ७**


## भाग १

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेर्‍हौं नगर सभा २०७९ बाट पारित भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०८० सालको ऐन**

## भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९

भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन शिक्षा ऐन २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिकाको तेर्‍हौं नगरसभाले देहाय बमोजिम संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र परिभाषा : (१) यो ऐनको नाम "भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन २०७७ (यसपछि मूल ऐन भनिएको छ) को दफा ३ मा रहेको "भक्तपुर नगरपालिका अर्न्तगत संचालन हुने आदर निकेतन महिला, बालबालिका तथा समाज कल्याण समिति अन्तर्गत हुनेछ ।" भन्ने वाक्यांशको सट्टा " भक्तपुर नगरपालिका अर्न्तगत संचालन हुने आदर निकतेन नगरपालिकाको प्रत्यक्ष सुपरिवेक्षणमा संचालन हुनेछ" भन्ने वाक्यांश राखिएको छ ।

३. मूल ऐनको दफा ४ मा रहेको "सहयोग समिति : भक्तपुर नगरपालिका ………………… सदस्य सचिव" भन्ने वाक्यांशको सट्टा "सुपरिवेक्षण तथा

सहयोग समिति : भक्तपुर नगरपालिका अन्तर्गत संचालन हुने आदर निकेतन वा आदर निकेतन दिवा सेवा केन्द्र संचालनको लागि सम्बन्धित वडामा सहयोग समिति हुनेछ । यस सहयोग समितिमा देहायका पदाधिकारीहरु हुनेछ :

(१) नगर प्रमुख - संयोजक

(२) उपप्रमुख - सदस्य

(३) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(४) सम्बन्धित वडाको महिला जनप्रतिनिधि - सदस्य

(५) महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक - सदस्य

(६) प्रमुखबाट मनोनित एक जना - सदस्य

(५) आदर निकेतन रहेको वडाका वडा सचिव - सदस्य सचिव” भन्ने वाक्यांश राखिएको छ ।

**आज्ञाले**
**(राम गोविन्द श्रेष्ठ)**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७९।११।३० गते**

---

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**